नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय काठमाडौं**

फोन नं. ०१५९७१८८०
बबरमहल, काठमाडौं
नेपाल।

प.सं. २०८३/०८४

## छात्रावास सञ्चालन सम्बन्धी अत्यन्त जरुरी सूचना !

काठमाडौं जिल्लाभित्र निजी ढंगबाट सञ्चालनमा रहेका छात्रावास (होस्टेल) हरुका सम्बन्धमा हालैका दिनहरुमा विभिन्न प्रकारका गुनासोहरु प्राप्त हुन आएका छन। यसरी निजी ढगंबाट संचालनमा रहेका छात्रावासहरुको यस कार्यालयबाट नियमित एवं आकस्मिक रुपमा अनुगमन हुँदै आएको छ। गुनासो प्राप्त भएको आधारमा केही छात्रावासलाई रु तीन लाखसम्म जरिवाना र छात्रावास शिलबन्दी गर्ने कार्य समेत यस कार्यालयबाट भएको छ। छात्रावासहरुमा विद्यार्थीहरुलाई मानवीय व्यवहार नभएको एवं यातना समेत दिने गरेको, लाग्ने शुल्क भन्दा बढी असुल उपर गर्ने गरेको, कमजोर खालका पूर्वाधारहरु रहेको, सरसफाइमा ध्यान नदिएको, खाना तथा पानी लगायतका स्वच्छता सम्बन्धी मापदण्ड पुरा नगरेको, पुरुष र महिलाका लागि अलग अलग प्रकारका व्यवस्थाहरु जस्तै सुरक्षा प्रबन्ध, शौचालय, बाथरुम, सुत्ने कोठाहरु लगायतका व्यवस्थाहरु पर्याप्त नभएको, लागुऔषधको समेत दुरुपयोग हुने गरेको, छात्रावास भित्रै झडप भई विद्यार्थीको मृत्यु समेत भएको, विधार्थीहरुका लागि मनोरञ्जन कक्ष, अध्ययन कक्ष, पुस्तकालय जस्ता व्यवस्थाहरु अपर्याप्त रहेको भनी बारम्बार गुनासोहरु आउने गरेको र घटनाहरु घट्ने गरेको देखिएको छ। यस सम्बन्धमा सम्पूर्ण निजी छात्रावास सञ्चालकहरुले तपसिल बमोजिमको व्यवस्था एक महिनाभित्र गर्नुहुन सम्बन्धित सबैमा सूचित गरिएको छ।

तपसिलः

१. छात्रावास सञ्चालन सम्बन्धमा नेपाल सरकार एवं सम्बन्धित स्थानीय तहले जारी गरेका मापदण्डहरुको पूर्ण रुपमा पालना गर्नुपर्ने।

२. छात्रावासमा बस्ने विद्यार्थी एवं व्यक्तिहरुलाई मानवीय व्यवहार गर्ने, सुरक्षा एवं मर्यादापूर्ण रुपमा रहने वातावरण तयार गर्ने।

३. छात्रावास भित्रको आन्तरिक सुरक्षा व्यवस्थालाई मजबुत बनाउने कुनै प्रकारको लागु औषध एवं मादक पदार्थ, चुरोट तथा सुर्तीजन्य पदार्थको प्रयोग र बिक्री वितरणमा बन्देज लगाउनुपर्ने।

४. तोकिएको निकायहरुमा छात्रावास अनिवार्य रुपमा दर्ता एवं नवीकरण गर्नुपर्ने।

५. छात्रावासको लागि उचित भौतिक पूर्वाधार (जस्तैः प्रत्येक कोठाहरु फराकिलो खुला पर्याप्त प्रकाश तथा हावा छिर्ने प्रकृतिको) हुनुपर्ने।

६. व्यवस्थित पुस्तकालय एवं अध्ययन कक्षको प्रबन्ध गर्नुपर्ने।

७. छात्रावासको सरसफाइ र खाद्यान्नको गुणस्तर कायम गर्नुपर्ने।

८. छात्रावासमा स्वच्छ पिउने एवम् अन्य प्रयोजनको पानीको पर्याप्तता, विद्युत तथा ईन्टरनेटको उपलब्धता एवम् बैकल्पिक व्यवस्था समेत गरेको हुनुपर्ने।

Email: daobabarmahal@gmail.com

Website: daokathmandu.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय काठमाडौं**

फोन नं. ०१५९७१८८०

बबरमहल, काठमाडौं
नेपाल।

प.सं. २०८३/०८४

९. छात्रावासमा लाग्ने शुल्क तथा दररेट प्रकाशन गरी सोही अनुसार मात्र रकम लिनुपर्ने।

१०. कोठा र शौचालय जस्ता संवेदनशील स्थान बाहेक अन्य स्थानको निगरानीको लागि CCTV जडान गर्नुपर्ने।

११. छात्रावास सञ्चालक तथा छात्रावासमा बस्ने विद्यार्थी एवं व्यक्तिहरुको अद्यावधिक विवरण नजिकको प्रहरी कार्यालयमा बुझाउनुपर्ने।

१२. छात्रावासमा बस्ने विद्यार्थी एवम् अन्य व्यक्तिहरुले समेत मर्यादित र अनुशाससित व्यवहार गर्नुपर्ने।

१३. छात्रावास रहेको स्थान वरपरका छरछिमेकीहरुलाई छात्रावासको कारणबाट कुनै प्रकारको वाधा, व्यवधान एवम् होहल्ला गर्न नदिने व्यवस्था मिलाउनुपर्ने।

१४. छात्रावासमा चौविसै घण्टा जिम्मेवार वार्डेन र निजी सुरक्षाकर्मीको व्यवस्था हुनुपर्ने।

१५. छात्रावासमा बस्ने विद्यार्थी र सञ्चालकको बीचमा अनिवार्य सम्झौता हुनुपर्ने।

१६. अन्य व्यक्तिको घर भाडामा लिई सञ्चालन गरेको भएमा छात्रावास सञ्चालकहरुले घरधनीसँग अनिवार्य रुपमा घरभाडा सम्झौता गरेको हुनुपर्ने।

१७. छात्रावासको सञ्चालक र वार्डेनको व्यक्तिगत विवरण अनिवार्य रुपमा यस कार्यालय र नजिकको प्रहरी ईकाईलाई उपलब्ध गराउनुपर्ने।

१८. छात्रावासमा Fire Extinguisher, First Aid लगायतका अत्यावश्यकीय सामग्रीहरु अनिवार्य रुपमा राख्नुपर्ने।

१९. महिला तथा पुरुष दुवैको लागि सञ्चालनमा रहेको छात्रावास भए अलग्गै कार्यालय र आवास भवनको व्यवस्था अनिवार्य गर्नुपर्ने।

२०. छात्रावासमा आपत्कालिन अवस्थामा सम्पर्क गर्नुपर्ने सरकारी निकायका फोन नं. हरु सबैले देखिने गरी राखेको हुनुपर्ने।

२१. छात्रावासमा रहने विद्यार्थी एवम् अन्य व्यक्तिहरुलाई समय समयमा मनोरञ्जन एवम् छात्रावासको मर्यादा र अनुशासन कायम राख्न तद् अनुरुपको प्रशिक्षण कक्ष हुनुपर्ने र सो बमोजिम हप्तामा कम्तिमा एकपटक प्रशिक्षण समेत गर्ने/गराउने।

मिति: २०८३/०५/०५
ने. सं. ११४६ गुंलाथ्य नवमी।

(खिमराज भुसाल)
स.प्र.जि.अ. एवं सूचना अधिकारी

Email: daobabarmahal@gmail.com
Website: daokathmandu.moha.gov.np